# सिद्धिचरण नगरपालिका, ओखलढुंगा

## युवा सहजकर्ता (सहायकस्तर पाचौं तह) पदको छनौट परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमको रुपरेखाः

**१. प्रारम्भिक सूचीः**

| पत्र | विषय | पूर्णांक | कैफियत |
|---|---|---|---|
| प्रारम्भिक सूची | तोकिएको न्यूनतम योग्यता | १० | |
| | न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता | ५ | |
| | सामाजिक परिचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास प्रशिक्षणमा एक वर्ष कार्य गरेको अनुभव | १० | |
| | थप प्रत्येक वर्षको अनुभव वापत प्रति वर्ष ५ अंकका दरले बढीमा | १० | |
| | सहजकर्ता/जीवनोपयोगी/उद्यमशीलता/क्षमता विकास सम्बन्धी कम्तीमा एक महिनाको तालिम लिएको भए | ५ | |
| | सम्बन्धित जिल्लाको स्थायी बासिन्दा भए ५ अंक र सम्बन्धित स्थानीय तहको बासिन्दा भए थप ५ अंक | १० | |
| जम्मा | | ५० | |

**२. लिखित परीक्षाः**

सामान्य ज्ञान र सेवा सम्बन्धी पाठ्यक्रमः

| विषय | पूर्णांक | उत्तीर्णांक | खण्ड | परीक्षा प्रणाली | प्रश्नपत्र संख्या*अंक | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र सेवा सम्बन्धी | ५० | २० | वस्तुगत | बहुवैकल्पिक प्रश्न (MCQ) | ३० प्रश्न*१ अंक | १ घण्टा ३० मिनेट |
| | | | विषयगत | छोटो उत्तर आउने प्रश्न | ४ प्रश्न*५ अंक | |

**सामान्य ज्ञान र सेवा सम्बन्धी ५० अंक (३०*१=३०, ४*५=२०)**

१. नेपालको संविधान भाग-३ मौलिक हक सम्बन्धी व्यवस्था, नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९

२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१,

३. गरिबी निवारण, बेरोजगारी र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतिहरु,

४. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन प्रक्रिया,

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

६.सिद्धिचरण नगरपालिकाको स्थानीय परिवेश तथा भुगोल सम्बन्धी सामान्य जानकारी



२०८१।१२।१२
किसान न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

द्रस्टव्य:

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

२. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरु गलत उत्तर दिएमा गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस वापत अंक दिइने छैन र अंक कट्टा पनि गरिने छैन्।

३. विषयगत प्रश्नहरुको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु सोध्न सकिनेछ।

४. वस्तुगत र विषयगत खण्डका प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

५. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु विज्ञापन प्रकाशन भएको मितिसम्म कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्नेछ। साथै अन्य कुराहरु रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ वा प्रचलित कानून बमोजिम हुनेछ।

किसान न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत